प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
## प्रेस विज्ञप्ति

मितिः- २०७६/२/३

मिति २०७५।११।१२ गते दिउसो अं. १५:०० बजे देखि ऐ.१३ गते विहान अं. १०:०० बजे सम्म ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं. ३ झम्सिखेल स्थित रहेको भिभान्ता काठमाण्डौं होटल भित्र र बाहिर समेतमा रही बसी उक्त होटलका कर्मचारीहरुलाई बिना कसूर गाली गलौज धम्कीपूर्ण भाषा प्रयोग गरी अभद्र ब्यवहार गरेको भन्ने सूचनाको आधारमा खटिएका प्रहरी टोलीले भारत देश सिक्किम राज्य ग्यान्तोक घर भएका बर्ष ३६ को लाक्पा शेर्पाको भनिएको झोला समेत खानतलासी गर्दा सो झोलाबाट नगद ने.रु.४४,२१,०००।-(चवालीस लाख एक्काईस हजार रुपैयाँ) उपर सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान तथा कारवाहीका लागि प्राप्त हुन आएको उजुरी/सूचना उपर जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी लाक्पा शेर्पाले सम्पत्तिको गैरकानूनी स्रोत लुकाउन छिपाउन सम्पत्तिको गैरकानूनी स्रोतलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क) (ख) र (ग) ले निषेधित गरेको कार्य गरी गराई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (३) बमोजिमको कसूरजन्य कार्य गरेको देखिएकोले प्रतिवादी लाक्पा शेर्पाबाट बरामदीत रकम रु. ४४,२१,०००।-(चवालीस लाख एक्काईस हजार) लाई विगो रकम कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम जरिवाना र कसुरको मात्रा अनुसार प्रतिवादी लाक्पा शेर्पालाई कैद सजाय हुनका साथै बरामदी रकम समेत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को उपदफा (२) र दफा ३४ को उपदफा (१) को देहाय (क) बमोजिम जफत गरी पाउन मिति २०७६/२/२ मा सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र पेश गरिएको छ ।

साथै अनुसन्धानको क्रममा संकलित कागजातहरु समेत संलग्न राखी क्यासिनोहरुको नियामक निकाय संस्कृति, पर्यटन तथा नागरीक उडयन मन्त्रालय, नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी ईकाई तथा राजस्व अनुसन्धान विभाग, हरिहर भवन समेतलाई आवश्यक कार्यार्थ पठाइएको छ ।